This document is signed digitally!

(दफा १८ को उपदफा (६) सँग सम्बन्धित
कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित

# एन.आर.एन.ए.मेडिहेल्थ सेन्टर
# N.R.N.A. Medihealth Center

को
(मुनाफा वितरण नगर्ने कम्पनी)

**प्रबन्ध पत्र**

१. **कम्पनीको नामः-**यस कम्पानीको नामः **एन.आर.एन.ए.मेडिहेल्थ सेन्टर** हुनेछ । यसलाई अंग्रेजिमा **N.R.N.A Medihealth Center** भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :** यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय पर्वत जिल्ला पैयुँ गाँउपालिका वडा नं.४ मा रहनेछ । सम्बन्धित निकायको स्वीकृती लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ ।

३. **कम्पनीले गर्ने ब्यवसाय वा कारोवारको प्रकृति :-** मुनाफा वितरण नगर्ने सामाजिक प्रकृतिको सेवामुलक संस्था (कम्पनी) हुनेछ ।

४. **कम्पनीको उद्देश्य :- (१)** यस मु.वि.नगर्ने (कम्पनी) को उद्देश्य देहाय बमोजिम हुनेछ ।
प्रचलित कानुनको अधिनमा रहि सम्वन्धित निकायबाट स्वीकृती लिनु पर्नेमा लिई **एन.आर.एन.ए.मेडिहेल्थ सेन्टर** स्थापना गरी आफ्नो आर्थिक, भौतिक, प्राविधिक तथा बौद्धिक क्षमता अनुसार निम्न वमोजिम उद्देश्यहरु लिएको छ ।

क) यो (कम्पनी) मुनाफा रहित, जनहितकारी, सामाजिक परोपकारी प्रकृतिको हुनेछ ।

ख) स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

ग) स्वीकृति लिनु पर्ने भएमा सम्वन्धित निकायको स्वीकृति लिई स्वास्थ्यकर्मी र जनसमुदायहरु संग सहकार्य गरी स्वास्थ्य शिविरहरु संचालन गर्नुका साथै स्वास्थ्य संग सरोकार भएका कुराहरुको बारेमा छलफल, अन्तरक्रिया तथा गोष्ठी आयोजना गर्ने ।

घ) नेपाल सरकारको सम्बन्धित निकायको अनुमति लिएर स्वास्थ्य संस्था तथा स्वास्थ्य संग सम्बन्धित शैक्षिक संस्थाहरु संचालन गर्ने ।

ङ) नेपाल सरकारको सम्बन्धित निकायको अनुमति लिएर स्वास्थ्य संग सम्बन्धित अध्ययन अनुसन्धानका कामहरु गर्ने ।

च) स्वास्थ्य सुरक्षा सम्बन्धी चेतनामूलक सामग्रीहरु (लघु चलचित्र, वृत्तचित्र, गीत/संगीत, पोस्टर, डिजिटल सामग्री निर्माण तथा प्रसारण गर्ने ।

छ) स्वास्थ्य सम्बन्धि पत्रपत्रिका बुलेटिन पुस्तक प्रकाशन श्रब्य दृश्यहरु निर्माण गरी एफएम रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल लगायत विभिन्न सञ्चार माध्यममार्फत् जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

(२) कम्पनीको उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमती वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिनेछ ।

३) उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमती वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमती वा इजाजतपत्रको प्रतिलिपी कार्यालयमा पेश गरिनेछ ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु :** यस (कम्पनी) को दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :-

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : कम्पनी रजिस्ट्रारको कार्यालय
मिति : २०८३-०४-०६

This document is signed digitally!

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवको शर्तहरु निर्धारण गर्ने ।

(ग) कम्पनीमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) अन्य आवश्यक कुराहरु :

१. कम्पनी संचालनको लागि आवश्यक पर्ने भवन, कार्यशाला, अफिस, घर गोदाम, जमिन, फर्निचरहरु तथा अन्य चल अचल सम्पत्ति आदि जायजेथा खरिद गर्ने, लिज वा भोग वन्धकीमा लिने वा अन्य तरिकाबाट प्राप्त गर्ने वा वनाउने, निर्माण, सुसज्जित, विस्तार र आधुनिकीकरण, मर्मत संभार, नियन्त्रण, संचालन गर्ने तथा सोको व्यवस्था गर्न सक्नेछ ।

२. कम्पनीलाई आकस्मिक क्षतिबाट वचाउन कम्पनीको मेशिनरी, भवन लगायत सवै प्रकारको कम्पनीहरुको आवश्यकतानुसार विमा गराउनेछ ।

३. प्रचलित कानूनको अधिनमा रही कम्पनीलाई प्रत्यक्ष किसिमले लाभप्रद प्राविधिक ज्ञान तथा सिपहरु उपलब्ध गराउने सो को लागि व्यक्ति वा कम्पनीसंग सम्झौता गर्ने ।

४. कम्पनीको लागि आवश्यक पर्ने प्रशिक्षक, कानून व्यवसायी, सुपरीवेक्षक, इन्जिनियर, विशेषज्ञ, कामदारको नियुक्ती गर्ने, तिनीहरुको सेवा शर्त तथा तलव भत्ता तोक्ने, आवश्यक भएमा सो को लागि व्यवस्थित गर्न विनियम वनाई लागू गर्न सक्नेछ ।

५. कम्पनीको नामबाट विल अफ एक्सचेन्ज, प्रोमीशरी नोट, चेक आदि जारी गर्ने दरपिठ गर्ने भुक्तानी लिने, दिने मंजुर गर्ने एल.सी. खोल्ने ।

६. कम्पनीको व्यापारिक हित संरक्षणको लागि डिजाईन र ट्रेडमार्क दर्ता गराउने, उपयोग गर्ने ।

७. कम्पनीको तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने यस सम्वन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकारको संरक्षण गर्ने, सहुलियत सुविधालाई सुरक्षित राख्ने ।

८. कम्पनीले आफ्नो व्यापार प्रवर्द्धन तथा विस्तारको लागि विभिन्न प्रकारका संचारका साधान तथा पत्र पत्रिका लगायतका मेडियाबाट प्रचार प्रसार गर्ने गराउने ।

९. कम्पनीको लागि आवश्यक पर्ने मेशिनरी, औजार, उपकरण लगायत यसका पार्टस पूर्जाहरु आयात गर्ने, खरिद गर्ने, भाडामा लिई प्रयोग. गर्ने ।

१०. कम्पनीको लागि आवश्यक नपर्ने चल अचल सम्पत्ति जग्गा जमिन विक्री गर्ने ।

११. यस संस्था (कम्पनी)को उद्देश्य परिपूर्ति भए नभएको वारेमा अनुगमन तथा मूल्यांकन कार्य समाज कल्याण परिषद्‌बाट तथा प्रचलित नेपाल कानून अनुसार अन्य निकायबाट समेत गर्न सक्ने छ ।

६ **<u>कम्पनी संचालन गर्न आवश्यक प्रारम्भिक पूंजी रकम</u> :-** यस कम्पनीको प्रारम्भिक पुंजी रकम रु १०००००।- (अक्षेरेपी एक लाख) हुनेछ र कम्पनी स्थापना गर्दा वखत लाग्ने रकम यस कम्पनीका संस्थापक सदस्यहरुबाट व्यहोर्ने छ ।

७. **<u>कम्पनीको लागि शेयर पुँजि आवश्यक नपर्ने</u> :-**

१. यो कम्पनी संस्थापना गर्दा कुनै शेयर पूँजि आवश्यक पर्ने छैन ।
तर कम्पनीले आफ्ना सदस्यहरुवाट कुनै किसिमको सदस्यता शुल्क र कसैबाट कुनै दान वा अनुदान प्राप्त गर्न सक्नेछ ।

२. कम्पनीको सदस्यहरुले सचालक समितिले समय समयमा तोके बमोजिम प्रवेश शुल्क, सदस्यता शुल्क र सदस्यता नविकरण शुल्क बुझाउनु पर्नेछ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : कम्पनी रजिष्ट्रारको कार्यालय
मिति : २०८३-०४-०६

This document is signed digitally!

३. कम्पनीका सदस्यहरुबाट प्राप्त एकमुष्ठ रकम वा अन्य अनुदान रकम वा स्थापना शुल्क बापतको रकम छुट्टै कोषमा जम्मा गर्नु पर्नेछ । सो कोषमा रहेको रकम कम्पनीको पूँजि हुनेछ । यस्तो रकम कम्पनीको नियमित कारोवारको सिलसिलामा वा कम्पनीको उद्देश्य हासिल गर्न खर्च गर्न सकिनेछ ।

४. कम्पनीको उद्देश्य परिपूर्ति गर्न संचालक समितिले आवश्यक निर्णय गरि बिभिन्न प्रकृतिका अक्षय कोष एवं यस्तै प्रकृतिका अन्य कोषहरुको स्थापना र सञ्चालन गर्न एवं गर्न लगाउन सकिने छ ।

८. **मुनाफा वितरण गर्न नपाउने :**

(क) कम्पनीले आर्जन गरेको मुनाफाबाट लाभांश वोनस वा अन्य कुनै रकम यसका सदस्य वा कर्मचारीलाई वितरण गरिने छैन ।

(ख) कम्पनीले आर्जन गरेको मुनाफा कम्पनीको पूँजि बृद्धि गर्न वा कम्पनीको उद्देश्य प्राप्तिका लागि मात्र खर्च गरिने छ ।

९. **कम्पनीको सदस्यता प्राप्ति र नविकरण :**

१. यस कम्पनीको सदस्यमा देहाय बमोजिम ५ किसिमका सदस्यहरु रहनेछन् -

क) संस्थापक सदस्य,
ख) आजीवन सदस्य
ग) साधारण सदस्य र
घ) संस्थागत सदस्य
ङ) मानार्थ सदस्य/सम्मानार्थ सदस्य

२. सस्थाको सदस्य हुन १६ बर्ष उमेर पुगी प्रचलित कानूनले अयोग्य नभएको नेपाली नागरिक हुनु पर्नेछ ।

३. संस्थापक सदस्य हुन कम्पनी संस्थापना गर्दा कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हस्ताक्षर गरी कम्पनी दर्ता गर्दा संस्थापकहरुबाट उठाउन मंजुर गरेको रकम कम्पनीमा दाखिला गर्ने सदस्य संस्थापक सदस्य हुनेछ ।

४. आजिवन सदस्यता लिन चाहनेले एकमुष्ट रु.२५,००१।- तिर्नु पर्नेछ ।

५ संचालक समितिले तोकेको योग्यता पुगेको तथा प्रचलित कानूनले सदस्य हुन बन्देज गरेका बाहेक कम्पनीको उद्देश्य बमोजिम कार्य. गर्न इच्छुक प्राकृतिक व्यक्तिहरुलाई समितिले साधारण सदस्य बनाउन सक्ने छ । यस्ता सदस्यहरुले रु.५,००१।- तिरी सदस्यता वन्न संचालक समिति समक्ष निवेदन दिनु पर्नेछ । साथै नविकरण गर्दा बार्षिक शुल्क रु.१,००१।- तिर्नु पर्नेछ ।

६ उपयुक्त ठहरेको सरोकारवाला संस्थालाई संस्थागत सदस्यता प्रदान गर्न सक्नेछ । यसवापत रु.२५००१संस्थागत सदस्यता शुल्क लाग्नेछ तर संस्थागत सदस्यहरुको मताधिकार रहने छैन ।

७. मानार्थ र सम्मानार्थ सदस्य समाजमा लब्धप्रतिष्ठित, संस्थालाई आवश्यक सहयोग गर्ने स्वदेशी तथा विदेशीहरुलाई दिन सकिने छ । तर त्यस्ता सदस्यहरुको मताधिकार रहने छैन ।

८. सदस्यहरुको नविकरण गर्ने विधि संचालक समितिको निर्णयले तोके बमोजिम हुनेछ ।

१०. **सदस्यता हस्तान्तरण नहुने :-** कम्पनीको सदस्यता कुनै किसिमले हस्तान्तरण हुन सक्ने छैन ।

११. **सदस्य समाप्त हुने अवस्था :-**

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : कम्पनी रजिस्ट्रारको कार्यालय
मिति : २०८३-०४-०६

This document is signed digitally!

क) कम्पनीको सदस्यबाट राजिनामा दिएमा
ख) कम्पनीको सदस्यको मृत्यू भएमा
ग) कुनै संगठित संस्था कम्पनीको सदस्य भएमा त्यस्तो संस्था खारेज भएमा वा अन्य संगठित संस्था सँग गाभिएमा ।
घ) कम्पनीको सदस्य दामासाहीमा परेमा
ङ) प्रचलित कानुन बमोजिम अन्य कम्पनीको सदस्य कायम रहन अयोग्य भएमा ।
च) मगज बिग्रेमा वा नैतिक पतन हुने फौजदारी अभियोगमा सजायँ पाएमा ।
छ) कम्पनीको हित विपरित कार्य गर्ने व्यक्तिलाई संचालक समितिको सदस्यहरुको बहुमतको निर्णयले सदस्यताबाट हटाउन सक्नेछ । तर यो निर्णय साधारण सभाबाट अनुमोदन हुनु पर्नेछ ।

१२. **दायित्व सिमित हुने :** कुनै सदस्यले लिखित रुपमा स्वीकार गरेको अवस्थामा बाहेक कम्पनीको ऋण वा दायित्वमा यसको सदस्य जिम्मेवार हुने छैन ।

१३. **अन्य आवश्यक कुराहरु :-**
क) कम्पनी संस्थापना गर्दा लागेको खर्च कम्पनी स्वयंले व्यहोर्नेछ ।
ख) कम्पनीको कारोवार शुरु गर्दाको अवस्थामा कुनै संस्थापकको संलग्नतामा अन्य कुनै समाजसेवा जस्ता कार्यमा लगाइएका वा लगाइने गरिरहेका नगदी जिन्सी जे जस्ता सम्पत्तिहरु तथा संचालनमा रहेका आयोजना वा कार्यक्रमहरु पनि हस्तान्तरण भई आएमा कम्पनीले सो प्राप्त गर्न, यथोचित निर्णय गर्न, कम्पनी कै क्रियाकलापमा प्रयोग गर्न र साविक कार्यक्रमहरुलाई निरन्तरता दिन संचालक समितिले निर्णय गर्न सक्नेछ ।
(ग) संचालक समितिले आवश्यक ठानेमा स्वदेशी तथा विदेशी व्यक्ति, संघ, संस्था, सरकारबाट आर्थिक सहायता समेत लिन सक्नेछ । विदेशीको हकमा उक्त सहायता नेपालको प्रचलित कानून बमोजिम स्वीकार गर्न सकिनेछ । साथै वैदेशिक सहयोग लिंदा समाज कल्याण ऐन २०४९ को दफा १६ बमोजिम हुनेछ ।

१४. **कम्पनीको प्रकृति अनुरुप कुनै थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने** :- कम्पनीले बिभिन्न बिषयमा अध्ययन, अन्वेषण, अनुसन्धान तथा प्रचार प्रसार र पैरवी गर्नका लागि राज्यका विभिन्न स्थानीय तहमा बिभिन्न अन्तरक्रिया, गोष्ठी, साक्षात्कार कार्यक्रमहरु तथा अन्य प्रकारका कार्यक्रमहरुलाई आफ्नो कार्यक्षेत्र आवद्ध गरी जनहित विकासका लागि संगठित रुपमा संचालन गर्न सक्नेछ । यस सम्बन्धमा संचालक समितिले गरेको निर्णय बमोजिम कार्य सम्पन्न गरिनेछ ।

१५. **प्रवन्ध पत्र संशोधन भएमा लागु हुने अवस्था :-** यस प्रवन्ध पत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रवन्ध पत्र संशोधन भएको मानिने छ ।

१६. **प्रवन्ध पत्र बाझिएको हदसम्म अमान्य हुने** :- यस प्रवन्ध पत्रमा लेखिएको कुरा कम्पनी ऐन २०६३ वा अन्य प्रचलित कानुनसँग वाझिएमा साथै समाज कल्याण ऐन तथा नियमावली २०४९ सँग समेत बाझिएको हदसम्म स्वत: बदर हुनेछ ।

१७. **संस्थापकहरुको विवरण र उद्घोषण :-**
हामी **एन.आर.एन.ए.मेडिहेल्थ सेन्टर** संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानुन बमोजिम संचालन गर्न मंजुर गरेका छौं । यो प्रवन्ध पत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : कम्पनी रजिष्ट्रारको कार्यालय
मिति : २०८३-०४-०६

This document is signed digitally!

र साक्षी सम्वन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यस प्रतिज्ञा पत्रमा लेखिएका कुरा साँचो हो झुट्टा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौं भनि सहीछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबु / पतिको नाम | नागरिकताको प्रमाण पत्र नं. र प्राप्त गरको जिल्ला | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकताको प्रमाण पत्र र जिल्ला |
|---|---|---|---|---|
| द. <br>नामः ओम प्रताप सेन<br>ठेगानाःपर्वत जिल्ला पैयूं गा.पा वडा नं.४ | महेन्द्र प्रताप सेन | ४३४२ पर्वत | द.<br>नामःबुद्धि बहादुर विश्वकर्मा<br>ठेगानाःचितवन जिल्ला बधौडा गा.वि.स. वडा नं.४ को परिबर्तित माडी न.पा. वडा नं. ४ | ३६२६/०५६ चितवन |
| द.<br>नामःगिरी प्रताप सेन<br>ठेगानाःपर्वत जिल्ला होश्राङ्दी गा.वि.स.वडा नं ३को परिवर्तित महाशिला गा.पा. वडा नं.१<br>बा. | लिल प्रताप सेन | १८४०९ पर्वत | द.<br>नामःभिम बहादुर घिमिरे<br>ठेगानाःमोरङ जिल्ला इटहरा गा.वि.स. वडा नं. ७ को परिवर्तित रतुवामाई न.पा. वडा नं. ८<br>दा. बा. | ०५११४७ मोरङ |
| द.<br>नामःटिका शाह सेन<br>ठेगानाःपर्वत जिल्ला हुवास गा.वि.स.वडा नं.१को परिवर्तित पैयूं गा.पा वडा नं.४<br>बा. | हिरा बहादुर शाह ठकुरी | ९१२७६ स्याङजा | द.<br>नामःगीता अर्याल<br>ठेगानाःस्याङजा जिल्ला स्वरेक गा.वि.स. वडा नं. ७ को परिवर्तित भीरकोट न.पा. वडा नं. ३<br>बा. | १२३९८ स्याङजा |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : कम्पनी रजिस्ट्रारको कार्यालय
मिति : २०८३-०४-०६

This document is signed digitally!

| | | | | |
|---|---|---|---|---|
| द.<br>नाम: सरिता पौडेल रेग्मी<br>ठेगाना:पर्वत जिल्ला<br>शंकरपोखरी गा.वि.स.वडा<br>नं.५ को परिवर्तित फलेबास<br>न.पा.वडा नं.३ | राम प्रसाद पौडेल | १०५१/७६८<br>पर्वत | द.<br>नाम:लोकेन्द्र ठटाल<br>ठेगाना:पाँचथर जिल्ला<br>...रपा गा.वि.स.वडा नं.९<br>को हिलिहाङगा.पा.वडा<br>न.७ | २८३-२१२५<br>पाँचथर |
| द.<br>नाम:रावेश शर्मा<br>ठेगाना:बाग्लुङ जिल्ला<br>नारायण गा.वि.स.वडा नं.८<br>को परिवर्तित बाग्लुङ<br>न.पा.वडा नं.१४ | नारायण प्रसाद पौडेल | ५०१०२३-<br>१७८४९<br>बाग्लुङ | द.<br>.नाम: राम कुमार तामाङ<br>ठेगाना:संखुवासभा जिल्ला<br>सभापोखरी गा.वि.स. वडा<br>नं.४ को परिवर्तित<br>सभापोखरी गा.पा वडा<br>नं.६ | ७४-६७३४४<br>संखुवासभा |

मस्यौदाकार
अधिवक्ता शारदा चेम्जोङ
प्र.प.सं.: १३६७१
हस्ताक्षर:-

इति संवत् २०८३ साल साउन महिना १ गते रोज ६ शुभम्--------------------------------।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : कम्पनी रजिस्ट्रारको कार्यालय
मिति : २०८३-०४-०६